स्थानीय सरकार

# कालीगण्डकी गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

विर्घा, स्याङ्जा

स्थापित २०७३

पत्र संख्याः २०८२/८३ — गण्डकी प्रदेश, नेपाल

**कालीगण्डकी गाउँपालिकाको चमेना गृह (क्यान्टिन) सञ्चालन सम्बन्धी शिलबन्दी दरभाउपत्र प्रस्ताव आह्वानको सूचना।**

**(दोस्रो पटक प्रकाशित मिति २०८२/०४/१६)**

कालीगण्डकी गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय परिसर भित्र रहेको चमेना गृह (क्यान्टिन) सञ्चालन गर्न इच्छुक नेपाली नागरिक तथा व्यावसायिक फर्महरुले यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र कार्यालय समयमा रु.१०००।— (एक हजार रुपैयाँ मात्र) दस्तुर तिरी चमेना गृह सञ्चालन सम्बन्धी प्रस्ताव फाराम खरिद गरी संलग्न खाना/खाजाको परिकार र इकाई अनुसारको वस्तुको तोकिएको दररेट भन्दा नबढ्ने गरी के कति दररेटमा उपलब्ध गराउन सकिन्छ, दररेट सहितको शिलबन्दी दरभाउको प्रस्ताव ८ औं दिनको १२ बजे भित्र कार्यालयको प्रशासन शाखामा पेश गर्नुहुन सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ।

**शर्तहरुः**

१. खामबन्दी दररेटसाथ फर्म दर्ता प्रमाणपत्र प्रतिलिपि, नवीकरण प्रमाणपत्र, सञ्चालकको नागरिकताको प्रमाणपत्र प्रतिलिपि, PAN दर्ता प्रमाणपत्र प्रतिलिपि, चमेनागृह सञ्चालन सम्बन्धी प्रस्ताव फाराम खरिद दाखिलाको राजश्व रसिदको सक्कल भौचर संलग्न गर्नुपर्नेछ। शिलबन्दी खामको बाहिर प्रस्तावदाताले नामथर ठेगाना, सम्पर्क नम्बर र छाप स्पष्ट रुपमा उल्लेख गर्नुपर्नेछ।

२. सरसफाईजन्य पानी गाउँपालिकाले निःशुल्क उपलब्ध गराउने र पिउने तथा खाना पकाउने स्वच्छ पानीको व्यवस्था सञ्चालक स्वयंले गर्नुपर्नेछ।

३. चमेनागृहका लागि आवश्यक पर्ने भाडावर्तनको व्यवस्था सञ्चालन स्वयंले गर्नुपर्नेछ।

४. चमेनागृह सञ्चालकलाई सरसफाई प्रतिको प्रतिवद्धता र गुणस्तरीयता कायम राख्ने दायित्व हुनेछ। निरीक्षणको क्रममा चमेनागृहबाट गराइने खाद्य परिकारको परिमाण, गुणस्तर एवं चमेनागृह र वरिपरिको सरसफाई सेवा प्रवाह सन्तोषजनक नभएको पाइएमा गाउँपालिकाले जुनसुकै बखत सम्झौता रद्द गरी हटाउन सक्नेछ।

५. चमेनागृह सञ्चालनको अवधि १ वर्षको हुनेछ। चमेना गृह सञ्चालकको सेवा सन्तोपजनक भएमा आवश्यकतानुसार चमेनागृह सञ्चालनको समयावधि पुनः १ वर्ष थप समेत गर्न सकिनेछ।

६. चमेनागृहबाट उपलब्ध गराउनुपर्ने खाना/खाजाको परिकार र इकाई फाराममा उल्लेख भए बमोजिम हुने र सञ्चालकले सो बाहेक आवश्यकतानुसार गाउँपालिकाको स्वीकृति लिई खाना/खाजाको परिकार थप गर्न सक्नेछ।

७. अन्य कुराहरु सम्झौता एवं प्रचलित कानून बमोजिम हुनेछ।

२०८२/४/१६

पर्शुराम उपाध्याय

प्रमुख प्रशासकीय अधिकृत

**Email:** kaligandakiruralmunicipality@gmail.com, **Website:** www.kaligandakimunsyangja.gov.np